# आर्थिक वर्ष २०७६/०७७

# को

# बजेट वक्तव्य

गल्याङ नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

गल्याङ, स्याङ्जा, प्रदेश नं ४, नेपाल

२०७६

# नगरसभाको बैठकमा

# नगरपालिकाका उपप्रमुख देविसरा थापाबाट

# प्रस्तुत

# आर्थिक वर्ष २०७६/०७७ को

# बजेट वक्तव्य

गल्याङ नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

गल्याङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

वि.सं.२०७६ साल असार १० गते

**सभाध्यक्ष्य महोदय,**

गल्याङ नगरपालिकाको नगरसभाको बैठकमा आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएको छु । सवल र सम्वृद्ध नगर निर्माणका लागि संबैधानिक व्यवस्था, स्थानीय सरकार संचालन ऐन, दिगो विकास लक्ष्य, संघ र प्रदेशले लिएका नीति तथा कार्यक्रम बमोजिम यस सभामा प्रस्तुत नीति तथा कार्यक्रमलाई मार्गदर्शनको रुपमा लिई यो बजेट तयार गरिएको हो ।

आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेट कार्यान्वयनबाट निम्न उद्देश्य प्राप्ति हुने अपेक्षा गरेको छु।

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि कृषि क्षेत्रमा संलग्न कृषकहरुको जीवनस्तर सुधार गर्ने।
२. नगरका सबै नगरबासीमा आधारभूत खानेपानीको सुविधा पुर्‍याउने।
३. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि संघ र प्रदेशसंग सहकार्य गर्ने।
४. नगर क्षेत्र भित्र सडक सञ्जाल विस्तार कार्यलाई निरन्तरता दिने ।
५. सिंचाई सुविधा विस्तार गरि बाह्रै महिना खेती गर्न कुलो निर्माण तथा मर्मत गर्ने।
६. पर्यटकिय क्षेत्रको विकास र विस्तारको लागि पर्यटकिय सुविधाहरु उपलब्ध गराउने।
७. आन्तरिक श्रोतको अधिकतम परिचालन र व्यवस्थापन गर्ने।
८. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गरि सेवा प्रवाह प्रभावकारी बनाउने।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ व २०७६/०७७ को बजेटका आधार र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु।

**बजेट तर्जुमाका आधार र प्राथमिकता,**

१. कृषि क्षेत्रको विकास गरि जीवन स्तरमा सुधार ल्याउने।
२. उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानीय श्रोत साधनको अधिकतम उपयोग गरि उत्पादन र उत्पादकत्व बढाउने।
३. नगरपालिकाको केन्द्र देखि सवै गाउ सम्म सडक सञ्जाल विस्तार गरि आधारभूत सेवा सुविधामा पहुँच बढाउने ।

४. जनसहभागितामा आधारित योजना तर्जुमा गरि लागत सहभागिता बढाई योजना कार्यान्वयनमा स्थानियको अपनत्व र दिगोपन कायम गर्ने ।

५. महिला, बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने।

६. दिगो विकास वातावरणीय संरक्षण तथा संर्वद्धन गर्न सघाउ पुग्ने।

**सभाध्यक्ष महोदय,**

अब म यस सभामा  विषयगत बजेट प्रस्तुत गर्न चाहन्छु ।

**१. आर्थिक विकास**

आर्थिक विकासको आधारको रुपमा लगानीमैत्री वातावरण सिर्जना गरि कृषि , पशुपालन र साना सिंचाईका साथै पर्यटन पुर्वाधारको विकास गरी निजी तथा सहकारी क्षेत्रको प्रवर्धन मार्फत उद्योग तथा वाणिज्य क्षेत्रको शुदृढीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा बिशेष जोड दिइएको नीति कार्यान्यनका लागि रु २ करोड ५० लाख विनियोजन गरेको छु ।

**२.सामाजिक विकास**

नेपाल सरकार र गण्डकी प्रदेश सरकारका सामाजिक क्षेत्रका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै शैक्षिक क्षेत्र सुधार मार्फत सामुदायिक विद्यालयहरुमा पूर्वाधार विकास,शैक्षिक जनशक्तिको क्षमता विकास, विद्यार्थीको प्रतिभा पहिचान गरि प्रतिष्पर्धी क्षमता अभिवृद्धि गर्न, प्राविधिक शिक्षा पठनपाठन संचालन गर्न, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र सोको ब्यबस्थापन समितिको क्षमता विकास गर्न, बिकास प्रक्रियामा जेष्ठ नागरिक, एकलमहिला, जनजाति, दलित, अपाङ्ग, बिपन्न, असहाय, बालबालिका, लाई समाहित गर्न, स्वच्छ खानेपानीको सहज पँहुच स्थापित गर्न, पुर्ण सरसफाइयुक्त नगर बनाउन रु ६. करोड ९६ लाख ३६ हजार विनियोजन गरेको छु ।

**३. पुर्वाधार विकास**

वातावरण मैत्री, अपांग मैत्री, महिला तथा बाल मैत्री सडक, पूल, सिंचाइ कुलो तथा पोखरी, भवन निर्माणका लागि सहभागिता परिचालन गर्ने गरि पुर्वाधार निर्माण गरिने छ। उक्त कार्यका रु १० करोड १८ लाख ५ हजार विनियोजन गरेको छु । उक्त विनियोजित रकममा प्रत्येक वडा कार्यालयलाई उपलब्ध गराएको बजेट सिमा अन्तर्गतको पूर्वाधार निर्माण कार्यको बजेट रु ३० लाखका दरले रु ३ करोड ३० लाख समेत समावेश गरेको छु।

**४.सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाह गर्न जनसहभागिता, सेवा प्रवाह विधि, संरचनागत व्यवस्था, सेवाको सुरक्षा जस्ता पक्षहरुलाई अंगिकार गरि सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाइने छ। सरलीकृत सेवा प्रवाह,दिगो विकासको लक्ष्य अनुरुप बन तथा भुसंरक्षण, जलाधार संरक्षण तथा जलउत्पन्न प्रकोप नियन्त्रण, जलबायु परिवर्तन अनुकुलिन बातावरण संरक्षण, फोहोरमैला व्यवस्थापनका साथै विपद व्यवस्थापन कोष स्थापना गर्न रु ५० लाख विनियोजन गरेको छु।

**५.कार्यालय संचालन तथा प्रशासनिक**

जनप्रतिनिधिको सुविधा, नगरपालिका तथा वडा कार्यालयको प्रशासनिक तथा कार्यालय संचालन खर्चका साथै संस्थागत क्षमता विकास कार्यक्रम संचालन, जग्गा प्राप्ति, भवन निर्माण, मेशिनरी औजार तथा सवारी साधन लगायत मर्मत तथा खरिदका लागि रु १० करोड ३३ लाख ९ हजार विनियोजन गरेको छु ।

**६.सशर्त अनुदान**

नेपाल सरकारबाट सशर्त अनुदान अन्तर्गत विनियोजित बजेट रु २३करोड ९० लाख र गण्डकी प्रदेश सरकारबाट सशर्त अनुदान अन्तर्गत विनियोजित बजेट रु १ करोडलाई तोकिएका कार्यक्रम संचालनका लागि खर्च गरिने छ । नेपाल सरकारबाट थप बिनियोजन हुने सडक मर्मत सुधार, खानेपानी तथा सरसफाई, गरिब संग बिश्वेस्वर, सामाजिक सुरक्षा भत्ता, प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता कार्यक्रमका बजेटलाई तोकिएको कार्यविधि अनुसार खर्च गरिने छ ।

## सभाध्यक्ष्य महोदय,

यो बजेट प्रस्ताव गर्दा संघ, प्रदेश र स्थानीय श्रोत साधनको परिचालन गरी आर्थिक,सामाजिक, पूर्वाधार विकासलाई सन्तुलित बनाउदैं नगरवासीको क्षमता अभिवृद्धि, रोजगारी श्रृजना र सुशासन कायम गर्ने उद्देश्यलाई केन्द्रविन्दुमा राखिएको छ । सभामा प्रस्तुत आगामी आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम कार्यान्यिन गर्न रु ५५ करोड ३७लाख ५० हजार बिनियोजन गरिएको छ । उक्त खर्च ब्यहोर्ने श्रोत नेपाल सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु १२ करोड ७१लाख, राजश्व बाँडफाँड रु ९ करोड ५९ लाख र सशर्त अनुदान रु २३ करोड ९० लाख, अन्य राजश्व बाँडफाँड रोयल्टी रु २ करोड ९० लाख तथा प्रदेश सरकारबाट

प्राप्त वित्तीय समानीकरण अनुदान रु १ करोड २५ लाख ९१ हजार र राजश्व बाँडफाँड रु ४६ लाख ५९ हजार प्रदेश सशर्त अनुदान रु १ करोडका साथै  आन्तरिक राजश्व आम्दानी रु २ करोड,आन्तरिक ऋण रु १ करोड २० लाख,सडक वोर्ड नेपाल बाट रु ३५ लाख, हुनेछ ।

आन्तरिक श्रोत परिचालन गर्न आ व २०७६/०७७ का लागि कर तथा गैरकर राजश्वका दरहरुलाई यथावत राखेको छु। आगामी आ व मा प्रत्येक वडाबाट एकिकृत सम्पति तथा भूमिकर वडा बाट नै संकलन गर्ने व्यवस्था मिलाएको छु।

बिनियोजन विधेयक, २०७६ र आर्थिक विधयेक, २०७६ यसैसाथ पेश गरेको छु ।

अन्तमा, बजेट तयारीमा आआफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नु हुने तथा सल्लाह सुझाब दिनुहुने जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचारजगत तथा सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।।।**